# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ, Katahari, Morang

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):............................
२०८१/०८/२१

सूचना ॥ सूचना ॥ सूचना ॥

स्यालो टयुबेल तथा मोटर जडान सम्बन्धमा ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०८/२०

विषय : सूचना सच्याइएको सम्बन्धमा ।

**प्रस्तुत बिषयमा यस कटहरी गाउँपालिका कृषि बिकाश शाखाको आ.ब. २०८१/ ०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्यालो ट्युबेल तथा मोटर जडान कार्य सम्बन्धि सूचना मिति : २०८१/ ०८ /२० गते प्रकाशित सूचना त्रुटि पुर्ण रहेको हुनाले सच्याईएको सरोकारवाला सम्पुर्ण सबैमा जानकारी गराईन्छ ।**

यस कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश शर्सत अनुदान र कटहरी गाउँपालिका कृषि बिकाश शाखा तर्फको स्यालो ट्युबेल तथा मोटर जडान कार्यको लागी कृषकहरुको २५ प्रतिशत लागत सहभागितामा कम्तीमा ३ हेक्टर क्षेत्रफलमा सिचाई गर्ने प्रयोजनको लागी स्यालो टयुबेल तथा मोटर जडान कार्यक्रम रहेको हुनाले स्यालो ट्युबेल जडान गरिने स्थानमा विद्युतको आपुर्ति भएको ईच्छुक कृषक , कृषक समुह तथा कृषि फर्म र कृषि सहकारी संस्थाहरुबाट सूचना प्रकासन भएको मितिले ३० दिन भित्र वा मिति २०८१/०८/२० गते देखी मिति २०८१/०९/२० गते भित्र तोकिएको कागजात सहित यस कटहरी गाउँपालिकाको कृषि बिकास शाखामा आबेदन दर्ता गर्नु हुन सम्बन्धित सरोकारवालाहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

<u>आबेदनका साथ संलग्न राख्नुपर्ने कागजातहरु</u> :

१.निवेदनको साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२.निवेदकको नागरिकता वा परिचयपत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

०८१/०८/२१
प्रशासकीय अधिकृत



CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):..............................

२०८१/०८/२१

३.PAN तथा करचुक्ताको प्रतिलिपि ।

४. कृषक/ कृषक समुह/ कृषि सहकारी/ कृषि फर्महरुको हकमा स्यालो टयुवेल तथा मोटर जडान गर्ने भनी बसेको बैठकको निर्णयको प्रतिलिपि र सम्पुर्ण सदस्यहरुको नागरिकता तथा जग्गा धनिपुर्जाको प्रतिलिपी ।

५.स्यालो टयुवेल जडान गर्ने जग्गाको धनिपुर्जाको फोटोकपि तथा मालपोत तिरेको रसिद ।

६. विगत २ वर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/ कृषि निर्देशनालय/ कृषि ज्ञान केन्द्र तथा स्थानिय तहबाट कुनै पनि अनुदान नलिएको हुनुपर्नेछ र साथमा अनुदान नलिएको स्वघोषणा पत्र ।

७. जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि ।

८.यस कार्यालयबाट स्वीकृत भएको स्टिमेट ७० फिट सम्मको सतहमा बोरिङ गडान गर्दा लाग्ने दस्तुरको ७५ प्रतिशत गाउँपालिका र २५ प्रतिशत सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्ने तर ७० फिट भन्दा बढी गहिराइ पाईप तथा गडान खर्च स्वयंम लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

०८१/०८/२१

प्रशासकीय अधिकृत

प्रशासकिय अधिकृत

बोधार्थ : श्री सूचना प्रविधि शाखा कार्यालयको Website मा Upload गरि दिन हुन साथै सबै वडा कार्यालयहरुमा सम्प्रेषण गरिदिन हुन ।

: